# तत्कालिक प्रस्तावहरु

१. हाम्रो पार्टीले समाजवाद, लोकतन्त्र, राष्ट्रियहित तथा सुशासनका लागि बामपन्थी शक्तिहरुसंग सहकार्य गर्ने नीति अनुसार हाम्रो पार्टी समाजवादी मोर्चा नेपालमा आवद्ध हुदै आएको छ। मुलुकमा बदलिएको विषम राजनीतिक परिस्थितिलाई गम्भीर रुपमा विश्लेषण गर्दै यो बैठक समाजवादी मोर्चा नेपाललाई अझ प्रभावकारी ढंगले क्रियाशील बनाउन लागि पर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

२. विचार, सिद्धान्त, राजनीति तथा संगठनका सबै विषयमा खुल्ला छलफल द्वारा सहमति र सहकार्य गर्दै अगाडि बढेर  मात्रै कम्युनिष्ट पार्टीहरुका बीच एकता हुन्छ। हाम्रो पार्टी वाम एकताको पक्षमा सधैं दृढतापूर्वक रहदै आएको छ। त्यसैले कतिपय संचार माध्यम र सामाजिक संजालमा पार्टी एकताबारे चलेका हलुका प्रचारबाट प्रभावित नहुन सबैलाई आग्रह गर्दछौं।

३. साना दलको अस्तित्व माथि आघात पुऱ्याउने संविधान प्रदत्त अधिकार कुण्ठित गर्ने तथा समावेशी लोकतन्त्रको मूल मर्म माथि प्रहार गर्ने कुचेष्टाले संविधान संशोधन गर्ने प्रतिगामी चिन्तनहरु प्रकट हुन थालेका छन। यो बैठक संघिय लोकतान्त्रिक गणतन्त्र संविधान, राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकता माथि हुन सक्ने षडयन्त्र र प्रहार प्रति सचेत हुँदै सम्पूर्ण लोकतान्त्रिक र देशभक्त शक्तिलाई एकजुट हुन अपिल गर्दछ।

४. यस बर्षायाममा मुलुकका विभन्न भागमा बाढी, पहिरो र डुवान जस्ता प्राकृतिक विपदमा परी ठुलो धनजनको क्षति भएका खवरहरु प्राप्त हुन आएका छन। यो बैठक प्राकृतिक विपदमा परेका जनताको दुख र पिडा प्रति अन्यन्त संबेदनशील हुँदै विपदमा परि मृत्यु हुनेप्रति श्रदान्जली व्यक्त गर्दछ। साथै प्राकृतिक प्रकोपबाट राहत र क्षतिपुर्ती प्रदान गर्न सरकारसंग जोडदार माग गर्दछ।

५. विगत केहि हप्ताभित्र मुलुकका विभिन्न स्थानमा हवाई जहाज, हेलिकप्टर, बस लगायत थुप्रै सवारी साधनहरु दुर्घटनामा परी ठुलो संख्यामा यात्रुहरुको मृत्यु तथा कैयन घाइते भएका समाचारहरु प्राप्त भएका छन। सवारी दुर्घटनाका घटनाहरु दिन प्रतिदिन भयावह बन्दै गएका छन्। सवारी साधन दुर्घटनामा परि निधन भएकाहरु प्रति यो वैठक श्रदान्जली व्यक्त गर्नुका साथै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

विमान तथा यात्रुवाहक सवारीका असंख्या दुर्घटनाले मुलुकको  छवी समेत विग्रिएको छ। यस्तो अवस्थालाई न्यूनीकरण गर्न तथा सुरक्षित हवाई तथा सडक यातायातको प्रत्याभूति

दिनका लागि सरकारले अध्ययन, अनुसन्धान, नियमन तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाओस भन्ने यो बैठक जोडदार माग गर्दछ ।

६. संसदको राज्य व्यवस्था समितिमा विचाराधिन रहेको भ्रष्टचार नियन्त्रण ऐन-२०५९ को शंशोधन विधेयक माथि छलफल चलिरहेको छ । हाम्रो पार्टी भ्रष्टचारको मुद्दामा हदम्याद राख्नु हुदैन भन्ने प्रष्ट धारणा राख्दछ । यसैगरी यो बैठक नेपालको संसदलाई भ्रष्टचारको मुद्दामा हदम्याद नराख्ने कानून निर्माण गर्न माग गर्दछ र सम्पूर्ण राजनीतिक दलहरु र नागरिक समाजलाई यो विषयमा सजग बन्न आव्हान गर्दछ ।